नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सामाजिक समावेशिकरण तथा सामाजिक सुरक्षा शाखा

सिंहदरबार, काठमाण्डौ

प.सं.: ०७८।७९

च.नं.: ९४

मिति: २०७८।५।१५

विषय: सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।

श्री स्थानीय तहहरु सबै

प्रस्तुत विषयमा नेपालको संविधानको अनुसूची ५ को क्रमसंख्या ३२ बमोजिम 'सामाजिक सुरक्षा र गरिबी निवारण' संघको अधिकारको सूची भित्र रहेको छ । साथै संविधानको अनुसूची ७ को क्रमसंख्या ११ मा 'सामाजिक सुरक्षा र रोजगारी' को विषय संघ र प्रदेशको अधिकारको साझा सूचीमा पनि समावेश गरिएको छ । त्यसैगरी संविधानको अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीको क्रमसंख्या १० मा समेत 'सामाजिक सुरक्षा र गरिवी निवारण' को विषय उल्लेख भएको छ । साथै नेपाल सरकार, मन्त्रिपरिपद्‌बाट स्वीकृत कार्यविस्तृतिकरण सम्बन्धी प्रतिवेदनमा समेत सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड र नियमनको विषय संघमा रहने गरी उल्लेख गरिएको व्यहोरा विदितै छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (१) मा गाउँपालिका तथा नगरपालिको एकल अधिकार संविधानको अनुसूची ८ मा उल्लेख भए बमोजिम हुने व्यवस्था रहेको र सोही दफाको उपदफा (२) मा उपदफा (१) को सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । ऐनको दफा ११ को उपदफा (२) को खण्ड त. (१) मा संघ र प्रदेशको कानूनको अधिनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापनको काम, कर्तव्य र अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ । साथै सोही ऐनको दफा ११ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले सङ्घ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची ९ मा उल्लेख भए बमोजिम हुने र सोही दफाको उपदफा (४) बमोजिम उपदफा (३) को सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी ऐनमा उल्लिखित विषयमा सङ्घ तथा प्रदेश कानूनको अधिनमा रही गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार हुने विषय उल्लेख गरिएको छ । उक्त उल्लिखित अधिकारहरुमा खण्ड च. को 'सामाजिक सुरक्षा र गरिवी निवारण' सम्बन्धी अधिकार पनि रहेको छ । यसप्रकार नेपालको संविधान तथा कानूनले सामाजिक सुरक्षाको विषय स्थानीय तहको एकल अधिकार भित्र नभएको व्यहोरा प्रष्टरुपमा उल्लेख गरेको छ । यो विषय संघको अधिकारको सूचीमा अनुसूची ५ मा प्रष्ट उल्लेख भइसकेको सन्दर्भमा नेपाल सरकारले सामाजिक सुरक्षा ऐन, २०७५ जारी गरी स्थानीय तहहरुमार्फत तोकिएका व्यक्तिहरुका लागि सामाजिक सुरक्षा भत्ता बितरण कार्य भईरहेछ । साथै सामजिक सुरक्षा भत्ता बितरण कार्यविधि, २०७७ को दफा १४ को उपदफा (३) मा '.......नेपाल सरकारबाट प्राप्त भत्ता रकममा प्रदेश सरकार

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( )

सिंहदरबार, काठमाडौं

प.सं.:

च.नं.:

वा स्थानीय तहले आफ्नो कोषबाट कुनै पनि रकम थप गरी प्रदान गर्न सक्ने छैन' भनी प्रष्ट उल्लेख समेत भएको छ ।

उपर्युक्त सन्दर्भमा सामाजिक सुरक्षा भत्ता व्यवस्थापन सम्बन्धी विषय संघको अधिकारको सूचीमा पर्ने कानूनी व्यवस्था भए तापनि केही स्थानीय तहले आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा नै समावेश गरी कार्यक्रम स्वीकृत गराई सामाजिक सुरक्षा भत्ताका नाममा विभिन्न शीर्षक राखी भत्ता बितरण गर्ने तथा हाल नेपाल सरकारले निर्धारण गरेको सामाजिक सुरक्षा भत्तादरमा समेत रकम थप गरी बितरण गर्ने गरेको भन्ने जानकारी यस मन्त्रालयमा प्राप्त हुन आएकोले यस विषयमा मन्त्रालयको ध्यानाकर्षण भएको छ ।

राज्यले सामाजिक सुरक्षा भत्ता बितरणका लागि तोकेका आधार र प्रक्रिया पूरा नगरी विषय क्षेत्राधिकार वाहिर गई विभिन्न भत्ताको नाममा कार्यक्रम स्वीकृत गराई आफूखुसी रकम बितरण गर्ने कार्यले संविधान तथा प्रचलित कानूनमा उल्लिखित संघको अधिकार क्षेत्रको प्रतिकूल हुन जाने, स्थानीय तहका लागि अत्यावश्यक प्राथमिकतामा लगानी गर्नुपर्ने सीमित स्रोतसाधन बितरणमुखी कार्यमा परिचालन हुनजाने र यसले वित्तिय जोखिम बढ्ने, वित्तीय सुशासन प्रवर्धनलाई निरुत्साहन गर्ने तथा अस्वस्थ प्रतिस्पर्धा र गलत प्रवृत्तिलाई प्रोत्साहन मिल्न जाने भएकाले यस सम्बन्धमा प्रचलित कानूनी व्यवस्थाको पालना गर्न गराउन आवश्यक व्यवस्था मिलाउन निर्णयानुसार अनुरोध छ ।

(बाबु राम भुसाल )
उपसचिव

वोधार्थ एवं कार्यार्थ:

श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर ।

श्री जिल्ला समन्वय समितिको कार्यालयहरु सबै ।

श्री सूचना तथा प्रविधि शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: प्रस्तुत पत्र सबै स्थानीय तहहरु र जि. स. स. लाई अपलोड गरिदिन हुन ।